आ.व. २०७६/०७७ को बाह्रौं बैठक

आज मिति २०७६ साल फाल्गुण ०७ गते बिहान ... बजे रासी गाउँ कार्यपालिकाका अध्यक्ष श्री नुमानन्द सुवेदीज्युको अध्यक्षता र तपसिल बमोजिमका सदस्यज्युहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बस्यो । बैठकको उपस्थिति प्रस्ताव एवं निर्णयहरु तपसिल बमोजिम रहेका छन ।

## उपस्थिति

अध्यक्ष श्री नुमानन्द सुवेदी , रासी गाउँकार्यपालिका ।
उपाध्यक्ष श्री जगदम्वाकुमारी चौधरी ,रासी गाउँ कार्यपालिका ।
सदस्य श्री टेकबहादुर कुमाल, रासी गाउँ कार्यपालिका ।
सदस्य श्री बेदप्रसाद चौधरी, रासी गाउँ कार्यपालिका ।
सदस्य श्री विष्णुबहादुर घर्ति क्षेत्री रासी गाउँ कार्यपालिका ।
सदस्य श्री कुवारी देवी कार्की, रासी गाउँ कार्यपालिका ।
सदस्य श्री जगतबहादुर थापा, रासी गाउँकार्यपालिका ।
सदस्य श्री विष्णु गुरुङ्ग, रासी गाउँकार्यपालिका ।
सदस्य श्री ताराबहादुर डि.सी, रासी गाउँकार्यपालिका ।
सदस्य श्री गोकर्णबहादुर रानामगर, रासी गाउँकार्यपालिका ।
सदस्य श्री गोवर्धन रावत, रासी गाउँकार्यपालिका ।
सदस्य श्री विद्याशरण चौधरी, रासी गाउँकार्यपालिका ।
सदस्य श्री सुनितामल्ल, रासी गाउँकार्यपालिका ।
सदस्य श्री ताराकुमारी चौधरी, रासी गाउँकार्यपालिका ।
सदस्य श्री चन्दर चौधरी, रासी गाउँकार्यपालिका ।
सदस्य श्री रिमबहादुर सुनारी मगर, रासी गाउँकार्यपालिका ।
सदस्य श्री संजिव परियार, रासीगाउँ कार्यपालिका ।
सचिव श्री शोभाराम रिजाल, रासी गाउँ कार्यपालिका ।

## आमन्त्रित

श्री ...न प्रसाद शर्मा, लेखा अधिकृत
श्री विश्वास वि.क.,शाखा अधिकृत
श्री विकास ज्ञवाली, अधिकृत
श्री नुमाराम भुसाल, रोजगार संयोजक
श्री रेशमराज अधिकारी, स.ले.पा.

नुमानन्द सुवेदी
अध्यक्ष

मिति २०७६/११/०७ गते बसेको कार्यपालिकाको १२ औं बैठकका निर्णयहरु

निर्णय नं १ प्रदेश एक्स्पो सम्बन्धमा छलफल गर्दा मिति २०७६/११/१० गते वडा नं ८ ले पञ्चेवाजा, वडा नं ७ बाट बडका नाच, लठ्ठी नाच, वडा नं ६ ले होमस्टेबाट खानाका परिकारहरुको लगायतका वडाहरुबाट लिने वस्तुहरुको टिपोट गराउने गाउँपालिकाबाट एक्सपोमा लिने सामग्रीको व्यवस्थापन गर्ने लगायतका कार्यका लागि विद्याशरण चौधरीको संयोजकत्वमा बेदप्रकाश चौधरी, गोकर्णबहादुर राना, ताराकुमारी चौधरी रेशमराज अधिकारी, तिर्थराज ज्ञवाली विषयगत शाखा सबै संलग्न रहने गरी समिति गठन गर्ने र सो कार्यक्रममा लाग्ने खर्च दिवस समारोह व्यवस्थापन शीर्षकबाट गर्ने निर्णय गरियो।

निर्णय नं २ सडकमानव मुक्त ( खाना नाना र छाना विहिन ) गाउँपालिका घोषणाको लागि मिति २०७६/११/१३ गते कार्यक्रम तय गरिएकोले उक्त कार्यक्रम घोषणाका लागि वडाहरुबाट विभिन्न झाँकीहरुसहित सामाजिक संघ संस्थाको सहभागीतामा घोषणा कार्यक्रम सम्पन्न गर्ने कार्यका लागि आवश्यक पर्ने रकमको व्यवस्था दिवश समारोह व्यवस्थापन शिर्षकबाट खर्च गर्ने निर्णय।

निर्णय नं ३ प्रधानमन्त्री रोजगार कार्यक्रमका सम्बन्धमा छलफल गर्दा आर्थिक वर्ष २०७६/७७ को लागि संकलित बेरोजगारहरुको आवेदनमा पारिवारिक तथा अन्य विवरण अपूर्ण पाइएकोले पुनः पुरा विवरण भर्ने कार्यका लागि थप १५ दिनको सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

निर्णय नं ४ जि पी कोइराला फाउन्डेसन सम्बन्धमा छलफल गर्दा उक्त संस्थाका लागि राप्ती गाउँपालिकाबाट सहयोग स्वरुप रु. २५०००।- पच्चीस हजार मात्र संस्थागत सहयोग शीर्षकबाट उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं ५ तराई मधेश समृद्धि कार्यक्रमका सम्बन्धमा छलफल गर्दा आ व २०७७/७८ को लागि निम्नानुसारका योजना माग गर्ने र योजनामाहरुमा यस गाउँपालिकाको तर्फबाट तराई मधेश समृद्धि कार्यक्रम निर्देशिका २०७५ (संशोधनसहित) परिच्छेदको निमय ५ (क) बमोजिम लागत १० प्रतिशत साझेदारी गर्ने गरी सहमती सहित तराई मधेस समृद्धि कार्यक्रम केन्द्रिय कार्यान्वयन इकाईमा आयोजनाहरुको सिफारिस गर्ने निर्णय गरियोः

१. राप्ती गाउँपालिका वडा नं २ लालमटिया पूर्वचोक देखि दाहासंस्कार जाने सडक स्तरोन्नती तथा कालोपत्र बनाउने कार्यका लागि रु करोड - सडक आयोजना
२. राप्ती गाउँपालिका वडा नं २ लालमटिया पश्चिम चोक देखि पुरोनास्कूल हुँदै खुरुरिया जाने सडक रकम रु ६ करोड - सडक आयोजना
३. राप्ती गाउँपालिका वडा नं १ पाखापानी दुरसञ्चार चोकदेखि उत्तर नव प्रतिभा आधारभुत विद्यालय देखि हाइवे निस्कने सडक कालोपत्रका लागि रकम रु. १ करोड ५० लाख- सडक आयोजना
४. सर्वोदय माध्यमिक विद्यालय सिसहनिया कृषि धार तर्फको कक्षाकोठा तथा प्रयोगशाला निर्माणका लागि रकम रु ८० लाख-विद्यालय भवन
५. राप्ती गाउँपालिका वडा नं ७ छोटकी सिसहनियामा थारु सामुदायिक भवन निर्माणका लागि रकम रु ५० लाख- सामुदायिक भवन
६. राप्ती गाउँपालिका वडा नं १ नेपाल राष्ट्रिय माध्यमिक विद्यालय भालुवाङको भवन निर्माणका लागि रकम रु ५० लाख-विद्यालय भवन
७. राप्ती गाउँपालिका वडा नं ६ स्थित थारु संग्रहालयको निर्माण तथा व्यवस्थापनका लागि रकम रु. १ करोड

नुमानन्द सुवेदी
अध्यक्ष

८. सपाङ्दी प्राथमिक विद्यालय राप्ती गाउँपालिका वडा नं २ स्यानीघोषको भवन तथा शौचालय निर्माणका लागि रकम रु ३० लाख- विद्यालय भवन

९. राप्ती गंगा प्राथमिक विद्यालय राप्ती गाउँपालिका वडा नं १ को भवन निर्माणका लागि रकम रु ३० लाख- विद्यालय

१०. बालकल्याण आधारभुत विद्यालय राप्ती गाउँपालिका वडा ५ को भवन तथा पर्खाल निर्माणका लागि रकम रु ३० लाख-विद्यालय भवन

११. राप्ती गाउँपालिका वडा नं ४ मा अनाथ तथा असहाय आश्रम निर्माणकमा लागि रकम रु ५० लाख- सामुदायिक भवन

१२. राप्ती गाउँपालिका वडा नं ८ विजौरीदेखि पिपरखुट्टी जोड्ने सडक १ करोड- सडक आयोजना

१३. राप्ती गाउँपालिका वडा नं ८ पिपरी देखि कोहलुवा जोड्ने सडक १ करोड- सडक आयोजना

१४. राप्ती गाउँपालिका वडा नं ८ भैसहवा खोंलामा पुल १ करोड- पुल निर्माण

१५. राप्ती चक्रपथको सडक स्तरोन्नी तथा कालोपत्रका लागि रकम रु ५० करोड - सडक आयोजना

१६. आधारभुत विद्यालय रुपाकोटको भवन निर्माणको लागि रकम ४० लाख- विद्यालय भवन

१७. महिलाका लागि थारु परम्परा सामग्री ढक्की गुन्द्री लगायतका सामग्री निर्माण तालिम सञ्चालनका लागि रकम रु ३० लाख-सीपमूलक तालिम

निर्णय नं ५ विविध सम्बन्धमा छलफल गर्दा निम्नानुसार निर्णय गरियो:

क. राप्ती गाउँपालिका वडा नं ८ मा विद्युतको पोलहरु पानीले डुवानमा परेको देखिएकोले तत्काल उक्त समस्या समाधानका लागि विद्युतको पोल तथा तार व्यवस्थाका लागि विद्युत प्राधिकरण कार्यालय लमहीमा लेखि पठाउने निर्णय गरियो ।

ख. लालमटिया स्वास्थ्य चौकी भवन निर्माण गर्ने जिम्मा लिएको ठेकेदारले कार्य सम्पन्न नगरेको तथा ठेकेदारले विभिन्न कार्यहरुमा उधारो लगायतको ठगी समेत गरेको देखिएकोले उक्त ठेकेदारलाई कारबाहीका लागि सम्बन्धित निकायमा लेखी पठाउने निर्णय गरियो ।

ग. स्वास्थ्य शाखाले ८४ वर्ष उमेर पुगेका जेष्ठ नागरिकको घर मै गई स्वास्थ्य सेवा प्रदान गर्ने कार्यक्रमका लागि स्वास्थ्यको गुणस्तर सुधार कार्यक्रमबाट रकम रु २०००००।- दुई लाख खर्च गर्ने निर्णय गरियो ।

घ. माहुरी होम संस्थाको सहयोगमा निर्माण गरिएको लैङ्गिक हिंसा सम्बनोधनका लागि सिफारिस प्रणाली सम्बन्धी निर्देशिका २०७६ पारित गर्ने निर्णय गरियो ।

नुमानन्द सुवेदी
अध्यक्ष

Shaguru